श्री सर्वोच्च अदालतमा चढाएको
निवेदन-पत्र

विषय: उत्प्रेषण, परमादेश लगायत जे जो चाहिने उपयुक्त आज्ञा आदेश जारी गरी पाऊँ ।

कुल बहादुर खत्रीको छोरा सिन्धुली जिल्ला कमलामाई नगर पालिका वडा नं. १ घर भई हाल काठमाण्डौं जिल्ला काठमाण्डौं महानगरपालिका वडा नं. ३१ आलोकनगर बस्ने वर्ष ३५ को युबराज पौडेल (सफल) (नागरिक नम्बर ४१३४५, सिन्धुली, जारी मिति २०६१/१२/३०) सम्पर्ग न ९८४९७७७०९२ )......................................................................१ रिट निवेदक

विरूद्ध

श्री निर्बाचन आयोग, कान्तिपथ काठमाण्डौं, नेपाल..................................................१ विपक्षी

लिला चन्द्र लामिछानेको छोरा साबिक काठमाडौं जिल्ला काठमाडौं नगरपालिका वडा नं. ६ हाल काठमाडैं जिल्ला काठमाडौं महानगरपालिका वडा नं. ३ बसुन्धरामा केन्द्रिय कार्यालय भएको राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति बर्ष अं. ४७ का रवि लामिछाने (सम्पर्ग न ९८५१३६०६६६)..........................................................................................१ प्रत्यर्थी

श्री जिल्ला प्रशाशन कार्यालय, बबरमहल काठमाडौं..................................................१

श्री संघिय संसद, प्रतिनिधि सभा, सिंहदरबार काठमाडौ...........................................१

श्री रविन्द्र प्रसाद आचार्य, सहायक प्र.जि.अ., जिल्ला प्रशाशन कार्यालय काठमाडौं...........१

नियमानुसार लाग्ने दस्तुर यसै निवेदन साथ संलग्न गरी नेपालको संविधान, २०७२ को धारा ४६ एंब १३३ (२) र (३) एंब १३७(२)(ख) बमोजिम नेपालको संबिधानको धारा १, २, ३, ५, १६, १७(२)(ग), १८, ८४(५), ८७(१), ८९, ९०, प्रतिनिधि सभा सदस्य निर्बाचन ऐन, २०७४ को दफा १२, १३, १५, १६ र राजनैतिक दल सम्बन्धि ऐन, २०७३ को दफा ६(१)(ग), १४(२) र २१(ज) तथा नागरिकता ऐन, २०६३ को दफा १०, ११ र नेपाल नागरिकता नियमावली, २०६३ को नियम ३, ८ र ११ र सर्वोच्च अदालत (संबैधानिक ईजलास संचालन) नियमावली, २०७२ को नियम ३ तथा १६(३) ले संरक्षण गरेका मौलिक हक, संवैधानिक हक एंब कानूनी हकको व्याख्या, संरक्षण र प्रचलनकालागि उत्प्रेषण, परमादेश लगायत जे जो चाहिने उपर्युक्त आज्ञा आदेश जारी गरी पाउन सार्वजनिक महत्व र सरोकारको रुपमा निम्न लिखित व्यहोराको निवेदन गर्दछु ।

१. म निवेदक एक देशभक्त नेपाली नागरिक हुनुका साथै विधिको शाशनकालागि प्रतिबद्ध छु । कानून भन्दा माथि कोहि पनि हुनु हुँदैन र कानूनको शाशनलाई ठुला, साना, धनि, गरिब, पदमा भएका वा नभएका सबैले पालना गर्नु पर्दछ भन्ने मान्यता राख्दछु । यस अघि पनि कानूनको शाशनको रक्षाकालागि निज बिपक्षी रवि लामिछानेको उम्मेदवारी र सांसद पद संबिधान र कानून सम्मत नभएको भनि यसै सम्मानित अदालतमा रिट नं. ०७९-WC-००३६ को रिट दायर गरी मिति २०७९/१०/१३ गते निर्णय भएको थियो ।

२. निज रवि लामिछानेले अमेरिकी नागरिकता लिन पूर्वको तर कानून बमोजिम कायम नरहेको नेपाली नागरिकता (श्री काठमाडौं जिल्ला प्रशाशन कार्यालयवाट मिति २०५०/११/१० मा नागरिकता नम्बर १८२२२) प्रयोग गरी मिति २०७९/०८/०४ मा भएको प्रतिनिधि सभाको निर्बाचनमा चितवन निर्बाचन

क्षेत्र नं. २ मा उम्मेदवार हुनु भएकोमा निज नेपाली नागरिक नभएको हुँदा प्रतिनिधि सभा सदस्यकोलागि उम्मेदवार हुन् निज योग्य हुनु हुन्न तसर्थ निज निर्बाचित भई प्रतिनिधिसभा सदस्यता समेत हुनु भएको सम्पूर्ण कार्य कानून बिपरित भएको हुँदा बदर गरी पाउँ भनि म निवेदक समेतले यसै सम्मानित अदालतमा दिएको रिट निबेदन उपर मिति २०७९/१०/१३ गते निर्णय हुँदा निज रबि लामिछानेले नेपाल नागरिकता ऐन, २०६३ र नेपाल नागरिकता नियमावली, २०६३ बमोजिम विदेशको नागरिकता त्याग गरेको निस्सा पेश गरी नेपाली नागरिकता प्राप्त गरेको नदेखिएको आधारमा निजको प्रतिनिधिसभा सदस्य पद खारेज भएको थियो र ततः पश्चात विपक्षी निर्बाचन आयोगले मिति २०७९/१०/२९ गते उप निर्बाचन घोषणा गरेको थियो र हाल सो उप निर्बाचन सम्पन्न समेत भएको छ।

३. मिति २०८०/०१/१० गते भएको उप निर्बाचनमा निज रबि लामिछाने भारि मतका साथ् निर्वाचित हुनु भएको छ। प्रत्येक नेपाली नागरिकले मतदाता बन्ने, उम्मेदवार बन्ने, मतदान गर्ने, निर्वाचित हुने संवैधानिक र कानूनी हक राख्दछन। यस बिषयमा विवाद छैन। तर निज रबि लामिछानेले श्री सर्वोच्च अदालतको संवैधानिक ईजलासबाट मिति २०७९/१०/१३ गते भएको आदेश बमोजिम नेपाल नागरिकता नियमावली, २०६३ को नियम ११ बमोजिम श्री जिल्ला प्रशाशन कार्यालय काठमाडौंमा पेश गर्नु पर्ने अमेरिकी नागरिकता त्याग सम्बन्धि निस्सा पेश नगरी बिपक्षी जिल्ला प्रशाशन कार्यालयले पनि निज रबि लामिछानेलाई निस्सा पेश गर्न नलगाई नेपाल नागरिकता ऐन, २०६३ को दफा १०(१) बमोजिम कायम नरहेको नागरिकताको प्रतिलिपि उपलब्ध गराई सोहि आधारमा निज रबि लामिछाने उपनिर्बाचनमा उम्मेदवार बन्नु भएको र सो सम्बन्धमा विपक्षी निर्वाचन आयोग समक्ष उजुरी पर्दा समेत निज रबि लामिछानेको उम्मेदवारी कायम गर्ने निर्णय मिति २०८०/०१/०५ मा गरी निजलाई निर्वाचनमा भाग लिन दिएको हुँदा बिपक्षीहरुले संविधान, कानून र श्री सर्वोच्च अदालतको आदेश विपरित कार्य गरेका हुँदा यो रिट निवेदन लिएर उपचारकालागि निम्न माग गर्दछु:

(क) विपक्षी रवि लामिछानेले श्री सर्वोच्च अदालतको मिति २०७९/१०/१३ गतेको आदेशले कायम नरहेको (invalid) भनि घोषित नागरिकताको प्रतिलिपि लिएर उपनिर्बाचनमा भाग लिएका हुँदा कायम नभएको नागरिकताको प्रतिलिपि बैध हुन् र नेपाली नागरिकता कायम हुन् वा पुनः प्राप्त भएको मान्न सकिदैन। तसर्थ, नेपालको संविधानको धारा ८७(१)(क) र प्रतिनिधि सभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा १२(क) ले तोकेको योग्यता नपुगेको हुँदा नेपालको संविधानको धारा ८९(ख) र प्रतिनिधि सभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा १३(क) को अवस्था विधमान भएको हुँदा उत्प्रेषणको आदेशले निज रवि लामिछानेको प्रतिनिधि सभा सदस्यको पद र सो संग सम्वन्धित उम्मेदवारी एब निर्णय लगायतका सम्पूर्ण कार्यहरु खारेज गरी पाउँ।

(ख) निज रबि लामिछाने बिरुद्ध म रिट निवेदक भई दायर गरिएको ०७९-WO-१०८७ को रिट निवेदनमा सम्मानित अदालतबाट मिति २०७९/१२/२२ मा निज रबि लामिछानेले अमेरिकी नागरिकता त्याग गरी सकेको भन्ने प्रमाणित हुने निस्सा पेश गर्न लगाउने आदेश भएकोमा सो रिट निवेदनको लिखित जवाफ पेश गर्दा निज रबि लामिछाने, जिल्ला प्रशाशन कार्यालय काठमाडौ एंब अध्यागमन विभागका तर्फ वाट समेत प्रमाणित निस्सा संलग्न गरी श्री सर्वोच्च अदालत समक्ष पेश गर्न नसकिएको मात्रै होइन कि प्रमाण खण्डमा उक्त निस्साको उल्लेख समेत गर्न नसकेको हुँदा निज रबि लामिछानेले अमेरिकि नागरिकता त्याग गरेको निस्सा पेश गर्न नसकेको र निस्सा पेश गर्न नसकेको कारणले नेपाल नागरिकता नियमावली २०६३ को नियम ११ बमोजिम पुनः नेपाली नागरिकता प्राप्त गर्न नसकेको प्रस्ट भएको छ। तसर्थ, श्री सर्वोच्च अदालतको मिति २०७९/१०/१३ को आदेश समेतका आधारमा उक्त नियम ११ बमोजिमको प्रक्रिया पुरा नभएको प्रस्ट भएकोले उक्त नियम ११ बमोजिमको प्रक्रिया पुरा गरी पुनः नेपाली नागरिकता कायम गरेको भन्ने प्रस्ट हुने गरी नागरिकता जारी र प्राप्त नगरे सम्म निज रबि लामिछाने कुनै पनि राजनैतिक पदमा उम्मेदवार हुन, निर्बाचित हुन, मनोनयन हुन र मतदान गर्न नपाउने गर्नु गराउनु भनि बिपक्षीहरुका नाममा परमादेशको आदेश जारिगरी पाउँ।

(ग) नेपालको संविधानको धारा २९१ बमोजिम पनि योग्य नभएको एंब परराष्ट्र मन्त्रालय मार्फत अमेरिकी दुतावास वा अमेरिकी सरकारलाइ पत्राचार गरी अमेरिकी दुतावास वा अमेरिकी सरकारबाट निज रबि



Scanned with CamScanner

लामिछानेले अमेरिकी नागरिकता त्याग गरेक हुन् भन्ने प्रमाणित निस्सा पेश गर्न नसकेकै कारणले निज बिपक्षी रबि लामिछाने र जिल्ला प्रशाशन कार्यालय काठमाडौं एक आपसमा मिलि पुनः नेपाली नागरिकता प्राप्त गर्ने प्रक्रियामा प्रवेश नै नगरी २०७९/१०/१५ मा जिल्ला प्रशाशन कार्यालय काठमाडौंका सहायक प्रमुख जिल्ला अधिकारी श्री रबिन्द्र प्रसाद अधिकारीबाट कायम नभएको नागरिकताको प्रतिलिपि लिएका र सोहि प्रतिलिपिका आधारमा आफु नेपाली नागरिक भएको भ्रम छरी राज्य संयन्त्रलाई धोका दिई, राज्य संयन्त्रलाइ प्रतिनिधित्व गर्ने निर्बाचन आयोग लगायतका बिपक्षीरु पनि निजकै बहकाबमालागि निज रबि लामिछानेको मतदाता नामावली नविकरण समेत नगरी अर्थात् प्रतिनिधिसभा सदस्य निर्बाचन ऐन, २०७४ को दफा १२(ख) अन्तर्गतको योग्यता समेतको अभाव हुँदा हुँदै पनि निजलाई चितवन क्षेत्र नं. २ मा भएको उप निर्बाचनमा उमेदवार हुन् दिई निर्बाचित घोषणा गरि पुनः नेपाली नागरिकता नभएको व्यक्तिलाई संसदमा पुर्याउने कार्य बिपक्षीहरुवाट भएको छ । विपक्षीहरुको यस हद सम्मको गैरजिम्मेवार, अनुत्तरदायी र गैरकानूनी कार्य तत्कालै नरोक्ने हो भने कानूनको शाशन र संबैधानिक सबीच्चता माथि नै गम्भीर प्रश्न उठ्ने भएको हुँदा यो मुद्धाको अन्तिम निर्णय नभए सम्म श्री सबीच्च अदालत नियमावली, २०७४ को नियम ४९ अन्तर्गत अन्तरिम आदेश जारीगरी निज रबि लामिछानेलाइ प्रतिनिधि सभा सदस्यको रुपमा कार्य गर्न रोक लगाई पाउँ ।

४ यस विषयमा समानान्तर क्षेत्राधिकारको प्रयोग गरी अन्यत्र कुनै मुद्दा मामिला नगरिएको व्यहोरा सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ४३ बमोजिम खुलाईएको छ ।

५. यस निवेदन-पत्रसाथ निम्न कागजातहरूको फोटोकपी पेश गरिएको छ :

(क) निज रबि लामिछानेको मिति २०५०/११/१० को नागरिकता नम्बर १८२२२ को नागरिकता प्रमाणपत्रको फोटोकपी र २०७९/१०/१५ को प्रतिलिपिको फोटोकपी थान २ ।

(ख) निर्बाचन आयोगले मिति २०७९/१०/२९ मा गरेको उप निर्बाचनको घोषणा ।

(ग) निर्बाचन आयोगमा मिति २०७९/१२/२१ मा दिएको उजुरी निबेदन ।

(घ) निर्बाचन आयोगको मिति २०८०/०१/०५ को निर्णय ।

(ङ) मिति २०८०/०१/०८ को मुख्य निर्बाचन अधिकृतको जानकारी पत्र र मिति २०८०/०१/०७ को निर्बाचन आयोगको जानकारी पत्र र सो संग सम्बन्धित दस्तावेज थान ५ ।

(च) ०७९-WO-१०८७ को रिट निवेदन उपर मिति २०८०/०१/१७ गते निज रबि लामिछानेले पेश गर्नु भएको लिखित जवाफको फोटोकपी ।

(छ) ०७९-WO-१०८७ को रिट निवेदनमा सम्मानित अदालतबाट २०७९/१२/२२ मा भएको आदेश ।

(ज) ०७९-WC-००३६ को रिट निवेदनमा २०७९/१०/१३ गते भएको आदेशको प्रमाणित प्रतिलिपि यसै साथ् पेश गरिएको छ । मिसिल झिकी बुझी साथै राखी प्रमाण लगाई पाउँ ।

(झ) निज रवि लामिछानेले अमेरिकी नागरिकता त्याग गरेका सम्वन्धमा प्रमाणित दस्तावेज माग गर्न श्री परराष्ट्र मन्त्रालय मार्फत अमेरिकी दुताबास वा अमेरिकी सरकारसंग पत्राचार भए नभएको यथार्थ विवरण विपक्षीहरुवाट पेश गर्न लगाई पाउँ ।

(ञ) म रिट निवेदकको नागरिकताको फोटोकपी ।

६. यो निवेदन दर्ता गर्न हाल कानुन व्यवसायी मुकरर गरेका छैन । पछि नियुक्त हुने कानुन व्यवसायीको वहसका बुँदालाई समेत यसै निवेदन-पत्रको अभिन्न अङ्गको रूपमा ग्रहण गरी पाउँ ।

७. यसमा लेखिएको व्यहोरा साँचो छ । झुठा ठहरे कानुन बमोजिम सहुँला बुझाउँला ।

निवेदक

निज युबराज पौडेल (सफल)

इति सम्बत २०८० साल बैशाक २५ गते रोज २ शुभम् ..........